## प्रदेश समन्वय परिषद्को पाँचौ बैठकका निर्णयहरु:-

१. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनित हुनुभएका सदस्यज्यूहरुलाई बैठकमा स्वागत गरियो।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ लाई संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले खारेज गरेकोले सोही दफा बमोजिम तर्जुमा भएको मौजुदा गण्डकी प्रदेश समन्वय परिषद्को बैठक (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७५ लाई खारेज गर्ने । सो कार्यविधिको सट्टामा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ बमोजिम तयार गरिएको **गण्डकी प्रदेश समन्वय परिषद्को बैठक (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि,२०७९** स्वीकृत गर्ने निर्णय गरियो।

३. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्नको लागि गरेका मुख्य व्यवस्थाहरुको बारेमा बैठकमा छलफल गरियो ।

४. गण्डकी प्रदेश समन्वय परिषद्को चौंथो बैठकका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे समीक्षा गरियो । साथै कार्यान्वयन चरणमा रहेका निर्णयहरूको शीघ्र र प्रभावकारी कार्यान्वयनका लागि सचिवालय मार्फत पहल गर्ने निर्णय गरियो।

५. नेपालको संविधानले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको प्रयोगको विषयमा देखिएका समस्याहरुको बारेमा छलफल गरियो। नेपाल सरकारले छिट्टै साझा अधिकारका सूचीमा भएका विषयमा कानून निर्माण गरी सहजीकरण गर्न अनुरोध गर्ने।

६. प्रदेश सरकारको बजेटको विनियोजन कुशलता अभिवृद्धि गरी प्रदेश सरकारबाट हस्तान्तरण हुने अनुदानलाई स्थानीय तहको प्राथमिकता प्राप्त आयोजनामा खर्च गर्न स्थानीय तहबाट निर्णय भई प्रदेश सरकारसँग माग हुन आएका आयोजनाहरुलाई प्रदेश सरकारको आयोजना बैंकमा प्रविष्टी गरी कार्यान्वयनमा प्राथमिकता दिने ।

७. प्रचलित कानूनमा रहेको द्विविधाको कारणले प्रदेश र स्थानीय तहको राजश्वको ठूलो सम्भाव्यता रहेको दहत्तर बहत्तर लगायत नदीजन्य पदार्थको उत्खनन, बिक्री वितरण तथा

उपयोगमा बाधा सिर्जना भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा "स्थानीय सञ्चित कोषमा दाखिला गरिने छ" भन्ने वाक्यांशलाई विभाज्य कोषमा दाखिला गर्ने व्यवस्था सहित संशोधनको लागि नेपाल सरकारसँग अनुरोध गर्ने।

८. नेपालको संविधानले प्रदेश र स्थानीय तहलाई प्रदान गरेको शिक्षा सम्बन्धी अधिकारलाई प्रभावकारी तरिकाले उपयोग गर्न संविधानमा भएका तीन तहका सरकारका साझा अधिकारको स्पष्टता सहित शिक्षा ऐन जारी गर्ने व्यवस्था गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

९. प्रदेश र स्थानीय तहको आफ्नै जग्गा नहुँदा सेवा प्रवाह, स्थानीय विकास निर्माण लगायतका विषयमा बाधा उत्पन्न भएकोले नेपाल सरकारको स्वामित्वमा रहेको सम्बन्धित स्थानीय तह वा प्रदेश भित्रको जग्गाको भोगचलन, उपयोग र स्वामित्व कानून बनाई सम्बन्धित तहलाई नै हस्तान्तरण गर्ने व्यवस्था गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

१०. वन ऐन, २०७६ र वन नियमावली, २०७९ मा रहेका प्रकृयागत जटिलताका कारणले वनजन्य पदार्थ र वनक्षेत्रको उपयोगमा कठिनाई उत्पन्न भएको साथै विकास निर्माणका काममा समेत ढिलाई हुन गएको सम्बन्धमा प्रकृया सरलीकरणको लागि सम्बन्धित कानूनहरुको आवश्यक संशोधन गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

मुख्यमन्त्री